आज मिति २०८० साल माघ १४ गते आइतबारका दिन मण्डनदेउपुर नगरपालिकाका नगरप्रमुख श्री टोक बहादुर तामाङको अध्यक्षतामा मण्डनदेउपुर नगरपालिका, नगरकार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ को नियम १० बमोजिम बैठक बसी निम्न पदाधिकारीहरूको उपस्थितिमा देहायबमोजिम निर्णयहरू गरियो ।

उपस्थिति

| क्र.सं. | पद | कार्यालय | नाम, थर | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगर प्रमुख | मण्डनदेउपुर न.पा. | श्री टोकबहादुर तामाङ | | |
| २ | नगर उपप्रमुख | मण्डनदेउपुर न.पा. | श्री विष्णुमणि नेपाल | | |
| ३ | वडा अध्यक्ष | वडा नं. १ | श्री शिवप्रसाद ढकाल | | |
| ४ | वडा अध्यक्ष | वडा नं. २ | श्री राजकुमार मल्ल | | |
| ५ | वडा अध्यक्ष | वडा नं. ३ | श्री पुरूषोत्तम बजगाईं | | |
| ६ | वडा अध्यक्ष | वडा नं. ४ | श्री मैतेसिं तामाङ | | |
| ७ | वडा अध्यक्ष | वडा नं. ५ | श्री हर्कबहादुर लामा | | |
| ८ | वडा अध्यक्ष | वडा नं. ६ | श्री सोमप्रसाद ढकाल | | |
| ९ | वडा अध्यक्ष | वडा नं. ७ | श्री विष्णुप्रसाद पौडेल | | |
| १० | वडा अध्यक्ष | वडा नं. ८ | श्री निरन्जन विष्ट | | |
| ११ | वडा अध्यक्ष | वडा नं. ९ | श्री सिताराम श्रेष्ठ | | |
| १२ | वडा अध्यक्ष | वडा नं. १० | श्री कुमार तामाङ | | |
| १३ | वडा अध्यक्ष | वडा नं. ११ | श्री दिपेन्द्र लामा तामाङ | | |
| १४ | वडा अध्यक्ष | वडा नं. १२ | श्री राजकुमार पराजुली | | |
| १५ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सुनकुमारी तामाङ | | |
| १६ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री रिता रोक्का | | |
| १७ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री मैयादेवी तिवारी | मैया | |
| १८ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सविना विसुन्खे रम्तेल | | |
| १९ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सावित्री दमाई | सावित्री | |
| २० | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री सूर्यबहादुर राई | | |
| २१ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री विकासकुमार राई | | |
| २२ | का.पा.सदस्य | मन्डनदेउपुर न.पा. | श्री भेषबहादुर वि.क. | | |
| २३ | सदस्य सचिव | प्र. प्र. अ. | मान बहादुर खड्का | | |
| आमन्त्रित | | | | | |
| २४. | लेखा अधिकृत | मण्डनदेउपुर न.पा. | श्री पुष्पराज बजगाईं | | |
| २५. | योजना अधिकृत | मण्डनदेउपुर न.पा. | श्री कासीनाथ नेपाल | | |
| | | | | | |

२०८०।१०।१४ गतेको नगर कार्यपालिकाको ३३ औं बैठकका विषयवस्तुहरू (एजेन्डाहरू)

१. मिति २०८०/०९/२६ को नगरकार्यपालिका बैठकको निर्णयको समिक्षा सम्बन्धमा ।
२. चालु आ.व. २०८०/०८१ को अर्धवार्षिक समिक्षा सम्बन्धमा।
३. शहरी फोहोर प्रशोधन तथा प्राङ्गारिक मल उत्पादन सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतको प्रस्तुतीकरण तथा छलफल सम्बन्धमा।
४. संघीय सरकार र प्रदेश सरकार समक्ष क्रमशः संघीय समपुरक अनुदान र संघीय विशेष अनुदान तथा प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदानमा सञ्चालन हुने योजना छनौट तथा रकम माग सम्बन्धमा।
५. मण्डनदेउपुर योग साधना केन्द्रको बजेट माग सम्बन्धमा।
६. मानव अधिकार सम्बन्धी स्थानीय समिति/संगठन गठन सम्बन्धमा।
७. विविध।

## निर्णयहरु

**निर्णय नं.१**

नगर कार्यपालिकाको मिति २०८०/०९/२६ गते बसेको बैठकले गरेका निर्णयहरुको प्रगतीको प्रस्तुती तथा छलफल गरी निर्णय कार्यान्वयनको समिक्षा गरियो।

**निर्णय नं.२**

मण्डनदेउपुर नगरपालिकाको नगरसभाको १४ औं अधिवेशनमा पेश भएको आ.व. २०८०/०८१ को अर्धवार्षिक प्रगति प्रतिवेदनको मिति २०८०/१०/१४ मा नगर स्तरीय राजनीतिक दलहरुको सर्वदलिय बैठक भएकोमा सोबाट प्राप्त सुझाव तथा रायहरु समेट्दै चालु आ.व. २०८०/०८१ को अर्धवार्षिक प्रगति प्रतिवेदनको समिक्षा गरियो।

**निर्णय नं.३**

मण्डनदेउपुर नगरपालिका क्षेत्रबाट उत्सर्जन हुने शहरी फोहोरमैला प्रशोधन/व्यवस्थापन तथा कुहिने फोहोरबाट प्राङ्गारिक मल उत्पादन सम्बन्धी प्रमुख प्रशासकीय अधिकृतबाट प्रस्तुत गरिएको अवधारणापत्र उपर छलफल गरीयो।

**निर्णय नं. ४**

मण्डनदेउपुर नगरपालिकाले आ.व. २०८१/०८२ को लागि संघीय सरकार र प्रदेश सरकार समक्ष क्रमशः संघीय समपुरक अनुदान र संघीय विशेष अनुदान तथा प्रदेश समपुरक अनुदान र प्रदेश विशेष अनुदानमा सञ्चालन हुने देहायका योजना छनौट गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो।

**क. संघीय समपुरक अनुदान**

| क्र.सं. | योजनाको नाम | योजनाको विषयक्षेत्र | प्राथमिकता क्रम | लागत अनुमान रकम रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | मेसागाउ-सल्लेबास-तिनकुने सडक | सडक पुर्वाधार | १ | ४०००० | |
| २ | फेदि-ढाइटार-सिपाघाट वैकल्पिक सडक | सडक पुर्वाधार | २ | ४०००० | |

| ३ | सिमखेत-चित्ते-मेसागाउ-हलेदे सडक | सडक पुर्वाधार | ३ | ४०००० | |
|---|---|---|---|---|---|

ख. संघीय विशेष अनुदान

| क.सं. | योजनाको नाम | योजनाको विषयक्षेत्र | प्राथमिकता क्रम | लागत अनुमान रकम रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरकोट पर्यटन विकास साझेदारी कार्यक्रम | सामाजिक सुरक्षा तथा फोहोरमैला व्यवस्थापन | १ | २०००० | |
| २ | मण्डनदेउपुर चिस्यान केन्द्र (शित भण्डार) निर्माण | तहगत सन्तुलन तथा आर्थिक विकास | २ | २०००० | |

ग. प्रदेश समपुरक अनुदान

| क.सं. | योजनाको नाम | योजनाको विषयक्षेत्र | प्राथमिकता क्रम | लागत अनुमान रकम रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | नयागाउँ-खस्रे-नगरकोट सडक | सडक पुर्वाधार | १ | ४०००० | |
| २ | फेदि-चण्डेनी-हल्देछाप सडक | सडक पुर्वाधार | २ | ४०००० | |
| ३ | नाल्दुम-वालुवापाटि सडक | सडक पुर्वाधार | ३ | ४०००० | |
| ४ | हिंगुवापाटि गैह्रिविसौना सडक | सडक पुर्वाधार | ४ | ४०००० | |

घ. प्रदेश विशेष अनुदान

| क.सं. | योजनाको नाम | योजनाको विषयक्षेत्र | प्राथमिकता क्रम | लागत अनुमान रकम रु. (हजारमा) | कैफियत |
|---|---|---|---|---|---|
| १ | नगरकोट पर्यटन विकास पर्यावरण कार्यक्रम | | १ | ३०००० | |
| २ | तिनधारा होमस्टे तथा थामीडाँडा पर्यटन क्षेत्र विकास कार्यक्रम | अल्पसंख्यक तथा पिछडिएको समुदाय उत्थान | २ | १५००० | |
| ३ | वडा नं. १० र १२ को बुद्धथुम्का पर्यटन विकास कार्यक्रम | अल्पसंख्यक तथा पिछडिएको समुदाय उत्थान | ३ | १५००० | |

**निर्णय नं.५**

मण्डनदेउपुर योग साधना केन्द्रको बजेट माग सम्बन्धी निवेदनका सम्बन्धमा नगरप्रमुख स्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

**निर्णय नं.६**

मानव अधिकार सम्बन्धी पाँचौं राष्ट्रिष कार्ययोजनाको बुदाँ ४.२.४ मा भएको व्यवस्था अनुसार मण्डनदेउपुर नगरपालिकामा मानव अधिकार राष्ट्रिय कार्ययोजना स्थानीय समन्वय समिति देहाय बमोजिम गठन गर्ने निर्णय गरियोः

| | |
|---|---|
| संयोजक- | नगर प्रमुख |
| सदस्य- | नगर उप-प्रमुख |
| सदस्य- | वडा अध्यक्षहरु सबै |
| सदस्य- | सम्वन्धित विषय हेर्ने अधिकृतहरु सबै |
| सदस्य- | संयोजकले तोकेको एक जना महिला सहित नागरिक समाजका तिन जना प्रतिनिधिहरु |
| सदस्य- | नगर क्षेत्रभित्रका प्रहरी चौकी इन्चार्जहरु |
| सदस्य-सचिव | प्रमुख प्रशासकीय अधिकृत |

**निर्णय नं. ७ विविध**

क. हिंगुवापाटि-जोगीटार-दोलालघाट सडकको हिंगुवापाटि-महादेवस्थान सडक खण्डमा सडकको सिमाक्षेत्र भित्र रहेका घर, टहरा तथा रुख विरुवा हटाउन घर/जग्गा धनिलाई ७ (सात दिने) सार्वजनिक सूचना जारी गर्ने तथा तोकिएको म्याद भित्र घर, टहरा लगायतको संरचना नहटाएमा नगरपालिकाले हटाई सो सडक कालोपत्रे गर्ने निर्णय गरियो।

ख. मण्डनदेउपुर नगरपालिका वडा नं. ८ मा सार्वजनिक सवारी सञ्चालन गर्नका लागि सडक सफाइ गर्ने कार्यका लागि आवश्यक रु २ लाख चालु आ.व.को नीति, योजना तथा कार्यक्रमको क्र.सं. १३८ बाट कार्यान्वयन गरी भुक्तानी दिने नगर प्रमुखस्तरीय निर्णय अनुमोदन गर्ने निर्णय गरियो।

ग. यस नगरपालिका र अन्तरगतका कार्यालयमा कार्यरत अस्थायी, करार तथा ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवा करार चालु आ.व.को असार मसान्त सम्मका लागि म्याद थप गर्ने निर्णय गरियो।